नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

# आन्तरिक राजस्व कार्यालय, महाराजगंज काठमाडौं

## कागजात पेश गर्ने वारेको अत्यन्त जरूरी सूचना

यस कार्यालयको कार्याक्षेत्र अन्तर्गतका तपसिलमा उल्लेखित करदाताहरूको आ.व. २०७३।७४ मा पूर्ण कर परिक्षण तथा अनुसन्धान गर्नका लागि छनौट भएकाले उक्त आ.व.को कारोवारको अध्ययन, परीक्षण र जांचबुझ गर्न यस कार्यालयबाट आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ८३ को उपदफा (१) तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ (संशोधन सहित) को दफा २३ को उपदफा (२) बमोजिम विभिन्न मितिमा पत्र जारी भएकोमा सो पत्र बुझिलिई माग बमोजिमका कागजात पेश नगरेका वा कार्यालयबाट पटक पटक ताकेता गर्दा समेत पत्र बुझ्न नआएका करदाताहरूलाई कार्यालयको अभिलेखमा रहेको ठेगानामा विभिन्न मितिमा हुलाकबाट पत्र रजिष्ट्री गरी पठाई सकिएको छ । यस सम्वन्धमा विगत लामो समयदेखि पटक पटक सम्पर्क स्थापित गर्ने प्रयास गरिएकोमा कुनै सम्पक समेत स्थापित हुन नसकेको अवस्था छ । अत:पूर्ण कर परीक्षण तथा अनुसन्धान गर्ने प्रयोजनको लागि आ.व. २०७३।०७४ को कारोवारको विवरण पेश नगरेको कारणवाट कर परीक्षण तथा अनुसन्धान कार्यमा वाधा पुगेकोले सम्पूर्ण खाता, बही, बिल बीजक लगायतका कारोवारलाई पुष्टि गर्ने कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा उपस्थित हुन आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ८३ को उपदफा (१), मूल्य अभिवृद्धि कर ऐन, २०५२ (संशोधन सहित) को दफा २३ को उपदफा (२) तथा अन्त:शुल्क ऐन, २०५८ (संशोधन सहित) को दफा १०घ(१) को उपदफा (४) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस सूचनामा तोकिएको म्याद भित्र कार्यालयमा उपस्थित भई माथि उल्लेखित कागजातहरू पेश नगरेमा आयकर ऐन, २०५८ (संशोधन सहित), मूल्य अभिवृद्धि कर ऐन, २०५२ (संशोधन सहित) तथा अन्त:शुल्क ऐन, २०५८ (संशोधन सहित) बमोजिम कारबाही भई जाने व्यहोरा जानकारी गराइन्छ ।

### तपसिल

| सि.न. | स्थायी लेखा नं. | करदाताको नाम | आ.व. | ठेगना |
|---|---|---|---|---|
| १ | ६०१३३८५६६ | श्रेष्ठ आर एण्ड एशोसियटस | २०७३।७४ | टोखा न.पा., धापासी, काठमाडौं |
| २ | ६०११८२८११ | अलबोर वान थाउजण्ड गेष्ट हाउस | २०७३।७४ | ठमेल, काठमाडौं |
| ३ | ६०४३६५७६१ | ज्वाला ट्रेडिङ प्रा.लि. | २०७३।७४ | महाराजगंज, काठमाडौं |
| ४ | ६०४२७५८२२ | पन्चासे जनरल सप्लायर्स प्रा.लि. | २०७३।७४ | महाराजगंज, काठमाडौं |
| ५ | ६०४२९५९३४ | प्रभु विजनेश हाउस प्रा.लि. | २०७३।७४ | वुढानिलकण्ठ, काठमाडौं |
| ६ | ६०४२७५८०६ | आकर्षण जनरल सप्लायर्स प्रा.लि. | २०७३।७४ | वुढानिलकण्ठ, ३ काठमाडौं |
| ७ | ६०५०४१२१७ | सुन्नीभा लिकर शप | २०७३।७४ | मित्रनगर, काठमाडौं |
| ८ | ६०४३२२२९४ | अमृत विजनेश ट्रेड प्रा.लि. | २०७३।७४ | वुढानिलकण्ठ, काठमाडौं |
| ९ | ३०१४१३०५१ | प्राईम इम्पेक्स प्रा.लि. | २०७३।७४ | गल्फुटार, काठमाडौं |
| १० | ६०२४०८६९५ | खवास एक्सपार्ट इम्पोर्ट प्रा.लि. | २०७३।७४ | टोखा न.पा., धापासी, काठमाडौं |
| ११ | ६०१८७१३५३ | लाइफ्स गुड टुर्स एण्ड ट्रेक्स प्रा.लि. | २०७३।७४ | ठमेल, काठमाडौं |
| १२ | ३०२४९९८७६ | राजन ग्यास डिपो | २०७३।७४ | कपनमार्ग, काठमाडौं |
| १३ | ६०१८७१५४६ | आदित्य ए.एन.एस ईण्डष्ट्रिज प्रा.लि. | २०७३।७४ | वुढानिलकण्ठ, १ काठमाडौं |
| १४ | ६००५८९१०७ | द स्पेसियल कमाण्डो फोर्स सेक्युसरिटी प्रा.लि. | २०७३।७४ | टोखा न.पा., वसुन्धरा, काठमाडौं |
| १५ | ६०४०७३६४० | नव मुना ट्रेडर्स | २०७३।७४ | टोखा न.पा., ३ धापासी, काठमाडौं |
| १६ | ६०२४०८६८२ | कोईरी ट्रेडर्स प्रा.लि. | २०७३।७४ | टोखा न.पा., ५ धापासी, काठमाड |

**पुनश्च:** यस अघि यस कार्यालयवाट आ.व. २०७३।०७४ को पूर्ण करपरीक्षण वा अनुसन्धान भई आयकर ऐन, २०५८ को दफा १०१ र १०२ को संशोधित कर निर्धारणको सूचना तथा मू.अ.कर ऐन, २०५२ को प्रारम्भिक तथा अन्तिम कर निर्धारण आदेश प्राप्त भै सकेको भए सोको प्रमाण समेत पेश गर्नुहोला ।